ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ७ बैठक मिति: २०८१।१०।२९

आज मिति २०८१/१०/२९ गतेका दिन यस ब्याँस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निम्न निर्णयहरु गरिए।

| नाम थर | पद |
|---|---|
| ........ मंगल सिह धामी | अध्यक्ष |
| ... विनोद सिह कुँवर | सदस्य |
| ........ अशोक सिह बोहरा | सदस्य |
| ... धिरन सिह बुढाथोकी | सदस्य |
| ... उपेन्द्र सिह धामी | सदस्य |
| ........ झन सिह विष्ट | सदस्य |
| बिर सिह धामी | सदस्य |
| ....... राजेन्द्र सिह कुँवर | सदस्य |
| ....अस्पाल सिह बुढाथोकी | सदस्य |
| ...... आस्मती विसि | सदस्य |
| ........ कलम राम भूल | सदस्य |
| . कलावती डडाल | सदस्य |
| धाना देबी बम | सदस्य |
| पुर्णिमा ऐतवाल | सदस्य |
| ....... चन्द्र सिह कुँवर | सदस्य सचिव |

अन्य उपस्थिति

| | |
|---|---|
| ... विरा दत्त भट्ट | स.क.अ |

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ७

बैठक मिति: २०८१।१०।२९

प्रस्तावहरु:

१. संघ समपुरक तथा विषेश अनुदान माग सम्बन्धमा ।

२. शिक्षक काज सरुवा सम्बन्धमा ।

३. खानेपानी मर्मत सम्भार सम्बन्धमा ।

४. शाखा सहकल्प सुचारु सम्बन्धमा ।

५. कार्यविधि स्वीकृत सम्बन्धमा ।

६. प्रस्ताव आव्हान सम्बन्धमा ।

७. विविध ।

निर्णयहरु:

निर्णय नं १. प्रस्ताव नं १ माथी छलफल गर्दा नेपाल सरकारको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ तथा विषेश अनुदान सम्बन्धी कार्यविधि, २०८१ बमोजिम यस ब्याँस गाउँपालिकालाई आवश्यक तपसिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

तपसिल

समपुरक अनुदान अन्तरगत

क. तिमुरपाटा हुती धौलाकोट मडगाउँ माल सडक स्तरोन्नती (क्रमागत)

ख. श्री रानीस्थान ब्रह्म मन्दिर पर्यटकीय स्थल निर्माण

ग. तिमुरपाटा हुती धौलाकोट मडगाउँ माल सडक

विषेश अनुदान अन्तरगत

क. डोकट लिफ्टिङ खानेपानी आयोजना ब्याँस ४ (क्रमागत)

ख. विषेशज्ञ स्वास्थ्य शिविर तथा स्वास्थ्य सम्बन्धी जनचेतना मुलक कार्यक्रम

ग. आलु तरकारी खेती, प्लास्टिक घर निर्माण, कोल्ड स्टोर निर्माण ब्याँस ३

निर्णय नं २. प्रस्ताव नं २ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई तपसिल बमोजिम काज सरुवा गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम थर | पद | हाल कार्यरत विद्यालय | सरुवा गरिएको विद्यालय | कै. |
|---|---|---|---|---|---|
| १ | जसुमति बडु | प्रा.वि. तृतिय | श्री लटवाव आवि जयपुर ब्याँस ६ | श्री कैलासपति आवि छाडरु ब्याँस १ | फागुन मसान्त देखी |
| २ | मनोज चौधरी | प्रा.वि. तृतिय | श्री भूमिराज आवि सल्याडी ब्याँस २ | श्री सम्पाल मावि सुन्सेरा, ब्याँस ४ | फागुन मसान्त देखी |
| ३ | आन सिह खाती | स. शिक्षक | श्री हिमालय मावि हुती ब्याँस ६ | श्री ब्रह्मस्थान माध्यमिक विद्यालय डोकट ब्याँस ४ | बैशाख मसान्त देखी |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पुस्कर सिह धामी | स. शिक्षक | श्री सम्पाल मावि सुन्सेरा, ब्याँस ४ | श्री भूमिराज आवि सल्याडी ब्याँस २ | फागुन मसान्त देखी |

निर्णय नं ३ . प्रस्ताव नं ३ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाका विभिन्न वडाहरुमा खानेपानी मर्मत सम्भार गर्नु पर्ने भएकाले खानेपानी मर्मत तथा व्यवस्थापन शिर्षकबाट तपसिल बमोजिमको योजनाहरुमा खानेपानी मर्मत सम्भार गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | मर्मत गर्नुपर्ने योजनाको नाम | ठेगाना | रकम | कै. |
|---|---|---|---|---|
| १ | हुती स्वास्थ्य चौकी खानेपानी मर्मत | ब्याँस ६ | १,००,००० | |
| २ | डोब बजार खानेपानी मर्मत | ब्याँस ४ | १,००,००० | |
| ३ | मल्ला किमसैन खानेपानी मर्मत तथा व्यवस्थापन | ब्याँस ५ | १,००,००० | |
| ४ | बनाफु खानेपानी मर्मत ~~तथा व्यवस्थापन~~ (बनाफु) | ब्याँस ५ | ६०,००० | |
| ५ | चिउरा गोरियाधारा मुल मर्मत | ब्याँस ६ | ६०,००० | |

निर्णय नं ४ . प्रस्ताव नं ४ माथी छलफल गर्दा ब्याँस गाउँपालिकाका तपसिल बमोजिमका शाखा सडकहरु वर्षादको समयमा अवरुद्ध भएको हुँदा प्राविधिक लागत अनुमान अनुसार विपद् व्यवस्थापन शिर्षकबाट खर्च हुने गरि तपसिल बमोजिमका सडकहरु सुचारु गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं | स्थानीय सडकको नाम | स्थान | कैफियत |
|---|---|---|---|
| १ | तिंकर सडक देखि मडगाउँ जोड्ने सडक | ब्याँस ४ | |
| २ | तिंकर सडक देखी तिग्रम सम्म जोड्ने सडक | ब्याँस ५ | |

निर्णय नं ५. प्रस्ताव नं ५ माथी छलफल गर्दा IDS नेपाल संस्थाको सहकार्यमा ब्याँस गाउँपालिकाले तयार पारेको विद्यालय भान्साकोठा निर्माण कार्यविधि २०८१ लाई स्वीकृत गरि लागू गर्ने निर्णय गरियो ।

निर्णय नं ६. प्रस्ताव नं ६ माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगतका वडा कार्यालयहरु तथा गाउँ कार्यपालिकाको कार्यालयको चालु आर्थिक वर्षको सार्वजनिक सुनुवाई कार्यक्रम गर्नका प्रस्ताव आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं ७. प्रस्ताव नं ७ (क) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकालाई आ.व २०८१/०८२ मा प्रदेश विषेश अनुदान अन्तरगत प्राप्त असहाय तथा जेष्ठ नागरिक आवास निर्माण योजना ठेक्का प्रकृया मार्फत गर्ने निर्णय गरिएकोमा विविध कारणले हाल सम्म उक्त प्रकृया अघि नबढेको हुँदा उक्त योजनालाई उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नका लागि प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं ८. प्रस्ताव नं ७ (ख) माथी छलफल गर्दा ब्याँस गाउँपालिका रोजगार सेवा केन्द्रले सञ्चालन गरेको सिप विकास सम्बन्धी तालिममा छनौट भएका केही वडाका व्यक्तिहरु अनुपस्थित भइरहेकाले अनुपस्थितहरुको नामावली हटाएर वडा नं ४ बाट तालिममा श्रमिक खटाउने निर्णय गरियो ।

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ७ बैठक मिति: २०८१।१०।२९

निर्णय नं ९. प्रस्ताव नं ७ (ग) माथी छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं ४ स्थित श्री सम्पाल माध्यमिक विद्यालय ब्याँस ४ सुन्सेराको प्रावि स्तरमा विद्युतिकरण गरिएको हुँदा रु ४५,००० अक्षरुपी पैचालिस हजार रकम "निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्च" शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं १०. प्रस्ताव नं ७ (घ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अनुसार मल्ला राप्ला जैसी पदमार्ग निर्माण शिर्षकमा बजेट विनियोजन भएको उक्त योजना कोटेसन प्रकृया मार्फत अघि बढाउने निर्णय गरियो।

निर्णय नं ११ . प्रस्ताव नं ७ (ङ) माथी छलफल गर्दा ब्याँस गाउँपालिका वडा नं २ मा बसोबास गर्ने शौका समुदायको महान सासंकृति पर्व १२ वर्षे किर्जे मेला लाग्ने भएकाले मेला व्यवस्थापन तथा खेलकुद सञ्चालनका लागि गत आर्थिक वर्षमा बजेट विनियोजन गरिएको तथा गत आर्थिक वर्षमा भुक्तानी हुन नसकेकाले भुक्तानी बाकी योजनाहरुको चालु आर्थिक वर्षको विनियोजित बजेटबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं १२. प्रस्ताव नं ७ (च) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ४ डोकटमा रहेको ठुलगाडा डोकटको बाटो वर्षादमा अवरुद्ध भएको हुँदा प्राविधिक स्टिमेट अनुसार विपद् व्यवस्थापन कोष शिर्षकबाट रकम खर्च हुने गरि कार्य अघि बढाउने निर्णय गरियो।

निर्णय नं १३. प्रस्ताव नं ७ (छ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको नेपाल रेडक्रस सोसाइटीबाट प्राप्त एम्बुलेन्स मिति २०८१।०९।१५ गतेका दिन दुर्घटनाग्रस्त भएको तथा उक्त एम्बुलेन्सलाई दुर्घटनाग्रस्त स्थलबाट निकाल्नका लागि जेसिवि तथा विभिन्न उपकरण प्रयोग गरिएको हुँदा उक्त वाफत भएको खर्च रु १,२५,००० अक्षरुपी एक लाख पच्चिस हजार रकमलाई अनुमोदन गरि उक्त रकम "मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च" शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं १४. प्रस्ताव नं ७ (ज) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ४ नौलामाण्डौ टोलमा वर्षादको समयमा खानेपानी अवरुद्ध भइ मर्मत गरिएकाले खानेपानी मर्मत तथा सम्भार शिर्षकबाट रु ५८,००० अक्षरुपी अन्ठावन्न हजार रकम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं १५. प्रस्ताव नं ७ (झ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्षको प्रदेश सशर्त अनुदान अन्तरगत नमुना खानेपानी मुहान/स्रोत संरक्षण तथा पुर्नभरण कार्यक्रम शिर्षकमा बजेट विनियोजन भएको हुँदा उक्त बजेटबाट नौमुणे खानेपानी तथा मुल संरक्षण योजना कार्यान्वयनमा खर्च हुने गरि उक्त बजेट कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं १६. प्रस्ताव नं ७ (ञ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको नेपाल रेडक्रस सोसाइटीबाट प्राप्त एम्बुलेन्स मिति २०८१।०९।१५ गते कार्यालय कामकाजबाट फर्किने सिलसिलामा दुर्घटनाग्रस्त भएको तथा चालक विर सिह डडाल गम्भिर घाइते भइ उपचाररत रहेको हुँदा उपचार कोष शिर्षकबाट स्रोत सुनिश्चित हुने गरि रु १,५०,००० अक्षरुपी एक लाख पचास हजार रकम उपचार सहयोगका लागि राहत दिने निर्णय गरियो।

निर्णय नं १७. प्रस्ताव नं ७ (ट) माथी छलफल गर्दा कार्यपालिका सदस्य एवं वडा नं १ र २ का वडा अध्यक्षहरुका लागि एक/एक सेट एन्ड्रोइड मोबाइल खरिद गर्ने निर्णय गरियो।

निर्णय नं १८. प्रस्ताव नं ७ (ठ) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाको चालु आर्थिक वर्षको वार्षिक स्विकृत कार्यक्रम अनुसार दलित लक्षित कार्यक्रम शिर्षकमा २ लाख बजेट विनियोजन गरिएको हुँदा उक्त रकम मध्ये १ लाख रकमबाट आरन औजार खरिद गरि आरन पेशामा लागेका दलितलाई वितरण गर्ने निर्णय गरियो।

निर्णय नं १९. प्रस्ताव नं ७ (ड) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका अन्तरगत रहेको श्री ब्रह्मस्थान माध्यमिक विद्यालय ब्याँस ४ डोकटले उक्त विद्यालयमा रिक्त रहेको मावि नेपाली सहजकर्ता शिक्षकको २०८१ असार महिना देखी नियुक्त गरेको र गाउँपालिकाबाट सो सहजकर्ता शिक्षकको सोही महिना देखि तभ निकासा गरिएको हुँदा उक्त भुक्तानीलाई स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं २०. प्रस्ताव नं ७ (ढ) माथी छलफल गर्दा प्राकृतिक विपद् पीडितहरुका लागि आर्थिक सहायता (राहत) वितरण निर्देशिका २०७५ अनुसार तपसिल बमोजिमको राहत रकम भुक्तानी दिने निर्णय गरियो।
तपसिल

| क्र.सं | लाभग्राहीको नाम थर | ठेगाना | किसिम | रकम | कै |
|---|---|---|---|---|---|
| १ | सुकुन्द सिह बुढाथोकी | ब्याँस २ | घर आगलागी | १०,००० | |
| २ | जमन सिह धामी | ब्याँस ५ | घर जोखिम | ७००० | |
| ३ | उजली धामी | ब्याँस ५ | घर जोखिम | ७००० | |
| ४ | धन सिह धामी | ब्याँस ५ | चट्याङ्ले घरको विद्युत लाईन आगलागी | ३००० | |

निर्णय नं २१. प्रस्ताव नं ७ (ण) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिकाका विभिन्न बाढी पहिरो जाने जोखिमयुक्त क्षेत्रहरुका लागि विपद् व्यवस्थापन कोष शिर्षकबाट खर्च हुने गरी तार जाली खरिद प्रकृया अघि बढाउने निर्णय गरियो।

निर्णय नं २२. प्रस्ताव नं ७ (त) माथी छलफल गर्दा यस ब्याँस गाउँपालिका वडा नं ३ सिना तातोपानीमा शिवरात्रीका दिन मेला लाग्ने भएकाले उक्त मेला व्यवस्थापनका लागि विविध कार्यक्रम खर्च शिर्षकबाट एक लाख रकम विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं २३. प्रस्ताव नं ७ (थ) माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१।०५।२० गतेको MOU on projects Aid to Nepal अन्तरगत स्थानीय तहले आयोजना प्रस्ताव पेश गर्ने परिपत्र/निर्देशन बमोजिम तपसिल बमोजिमको थप योजना माग गर्ने निर्णय गरियो।
तपसिल
क. पुर्वाधार विकास योजनाहरु:
 १. श्री ब्रह्मस्थान माध्यमिक विद्यालय भवन निर्माण ब्याँस ४

निर्णय नं २४. प्रस्ताव नं ७ (द) माथी छलफल गर्दा ब्याँस गाउँपालिकाको स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि २०७९ बमजिम यस गाउँपालिकालाई आवश्यक विषेशष/प्राविधिक स्वयंसेवक अनमी पदपूर्तिका लागि सूचना आव्हान गर्ने निर्णय गरियो।